बिर्तामोड नगरपालिका

धुव कुमार शिवाकोटी
नगर प्रमुख

# विद्यार्थी सिकाइ सहजिकरण सम्बन्धी मापदण्ड -२०७७

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७ को अधिनमा रही विर्तामोड नगरपालिकाले जारी गरेको कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उद्वार सम्बन्धी स्वास्थ्य र सुरक्षाको नियमहरु पालना गरी गराई विद्यार्थी सिकाइ सहजिकरण सम्वन्धि मापदण्ड २०७७ बिर्तामोड नगरपालिका क्षेत्रमा कार्यान्वयन गरी सामुदायिक तथा संस्थागत बिद्यालयहरुलाई सिकाइ सहजिकरण गर्दा बिद्यालय, बिद्यार्थी, अभिभाबक, स्वास्थ्य शाखा र शिक्षा, युवा तथा खेलकुद शाखाले पालना गर्ने अलग-अलग मापदण्ड तयार गरी संचालन गरिनेछ ।

## सिकाइ सहजिकरणका विकल्पहरु

विद्यार्थी सिकाइ सहजिकरणका लागि विर्तामोड नगरपालिका क्षेत्र भित्रका सबै विद्यालयहरुले निम्न विकल्पहरु मध्ये एक वा बहु विकल्पको प्रयोग गरी बालविकास केन्द्रदेखि कक्षा १२ सम्मका बालबालिकाहरु सबैलाई समेट्ने गरी योजना तयार गर्नु पर्नेछ ।

क) विद्यालयमै आलोपालो/ जोरविजोर एवम् सिफ्टमा समूह सिकाइ सहजिकरण पद्धति

ख) अनलाइन अफलाईन सहजिकरण पद्धति

ग) वडा तथा टोल सिकाइ केन्द्र मार्फत सहजिकरण पद्धति

घ) घुम्ति सिकाइ सहजिकरण पद्धति

ङ) रेडियो, टिभी मार्फत सिकाइ सहजिकरण

च) होम स्कूलिङ पद्धति

- उपरोक्त बमोजिमका सिकाइ सहजिकरण पद्धति सञ्चालन पूर्व विद्यालयलले समाजिक दुरी तथा स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्ण पालना हुने गरी सहजिकरणको मासिक कार्य योजना तयार गरी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्न सक्ने छ ।
- शाखाले पेश भएको कार्य योजना सामाजिक दुरी तथा स्वास्थ्य सम्वन्धी मापदण्ड अनुकुल भए नभएको अध्ययन गरी अनुकूल भएमा स्वीकृति प्रदान गर्न सक्ने छ ।
- सम्वन्धित वडा कार्यालयबाट विद्यालयमा सञ्चालन भएको सहजिकरण पद्धति सामाजिक दुरी तथा स्वास्थ्य सम्वन्धी मापदण्ड अनुकुल भए नभएको अनुगमन गरी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा सुझाव पेश गर्नु पर्नेछ ।

धुव कुमार शिवाकोटी
नगर प्रमुख

Scanned with CamScanner

बिद्यालय

नगर कार्यपालिकाको कार्यालय बिनायी त्रिवेणी गाउँ... (stamp)

ध्रुव कुमार शिवाकोटी, नगर प्रमुख

१. माथिका विकल्पहरु मध्ये विद्यालयको परिवेश अनुसार उपयुक्त एक वा बहु विकल्य छनोट गरी विद्यालयले कार्यान्वयन गर्नु पर्ने छ।

२. यदि विद्यालयमै आलोपालो/ जोरविजोर एवम् सिफ्टमा समूह सिकाइ सहजिकरण पद्धति सञ्चालन गर्ने भए पहिलो चरणमा प्रति सिफ्ट शुरुमा बढीमा २ घण्टा सम्मको सहजिकरण कार्यतालिका तयार गर्न सकिने छ। एक समूहको सहजिकरण समाप्त भइ अर्को समूह शुरु हुने समयको फरक अनिवार्य रुपमा न्युनतम १ घण्टाको हुनु पर्ने छ।

३. विद्यालयले कक्षाकोठा र बिद्यार्थी बस्ने सिट प्लानिङ्ग (दुरी कायम गर्न) र शिक्षकहरुको अध्यापनको मासिक कार्ययोजना तयार पारी शिक्षा युवा तथा खेलकुद शाखामा पेश गरी स्वीकृत गराएर मात्र कार्यान्वयन गर्नु पर्नेछ।

४. विद्यालयले विव्यस, शि.अ.संघ, बाल क्लब र अभिभावकहरुसँग सिकाइ सहजिकरण संचालन सम्बन्धी संवाद र कोभिड-१९ संक्रमणबाट सतर्क रहने तथा बच्ने उपाय बारे सचेतनता कार्यक्रम नगर स्वास्थ्य शाखाको समन्वयमा गर्नु पर्नेछ।

५. विद्यालयले बिद्यार्थी र अभिभावकको मोवाइल वा ईमेल ठेगाना सहितको बिबरण अध्यावधिक गर्नु पर्नेछ।

६. विद्यालयले शिक्षण सिकाइका लागि गुणस्तरीय स्यानिटाईजर, थर्मल गन, माक्स र डिस-इन्फेक्सन गर्ने डिभाईस (मेसिन ) र सो कार्यका लागि प्रयोग गरिने स्यानिटाइजर, ५% हाईपोकोलोराईड वा क्लोरिन वा ब्लिचिङ्ग वा स्वास्थ्य शाखाले तोकेको गुणस्तरीय औषधिको ब्यबस्थापन गर्नु पर्नेछ।

७. विद्यालयले बालबालिकाहरुलाई स्वच्छ पिउने पानी तथा हातधुन साबुन सहित उचित स्थानको ब्यबस्था गर्नु पर्नेछ।

८. विद्यालयले बिद्यार्थीहरुको गतिविधि वा स्वास्थ्य अवस्थाको दैनिक अभिलेख राखी सो अनुसार सतर्कता अपनाउनु पर्नेछ। विद्यार्थीको स्वास्थ्य अवस्था प्रतिकुल भएमा सोको जानकारी तत्काल शिक्षा शाखामा र अवश्यकता अनुसार सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

९. नेपाल सरकारले तोकेको मापदण्डको पूर्ण पालना गरी सवारी साधनको ब्यबस्थित प्रयोग गर्नु पर्नेछ।

१०. नेपाल सरकार शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र तथा प्रदेश सरकारबाट तयार गरी रेडियो,एफएम, टिभी मार्फत प्रसारण हुने तथा भइरहेका विद्यार्थी सहजिकरण कार्यक्रमको समयतालिका तयार गरी विद्यार्थीलाई उपलब्ध गराइ अभिभावकलाई

ध्रुव कुमार शिवाकोटी
नगर प्रमुख

Scanned with CamScanner

ध्रुव कुमार शिवाकोटी
नगर प्रमुख

...सिकाइ व्यवस्थापनका लागि सूचित गराउनु पर्नेछ । साथै विभिन्न अनलाइन अफलाइन सामग्री प्रयोगको पहुच भएका बालबालिकाहरुलाई उक्त सामग्रीहरु सहजरुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. विद्यालयले विद्यार्थीहरु विद्यालयमा, घरबाट आउदा तथा घर जाँदा सामाजिक दुरी तथा स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गराउनु पर्नेछ।

१२. विद्यालयले समय समयमा नेपाल सरकार शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, प्रदेश सरकार तथा विर्तामोड नगरपालिकाबाट जारी गरिएका सूचना तथा निर्देशन पालना गर्नु पर्नेछ ।

१३. प्रत्येक विद्यालयले एक जना शिक्षकलाई विद्यार्थी सिकाइ सहजिकरण सम्पर्क व्यक्ति तोकी हरेक दिन शिक्षकले गरेका कार्यहरुको अभिलेख राख्ने व्यवस्था गर्ने र प्रत्येक हप्ता नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा सो को विवरण अनिवार्य पेश गर्नु पर्नेछ ।

**बिद्यार्थी**

क) मास्क अनिवार्य लगाउने र सामाजिक दुरी (एक-अर्कामा संपर्कित नहुने) कायम गर्नु पर्नेछ ।

ख) समय-समयमा साबुन पानीले हात धुने र आफ्नो साथमा रहेको वा बिद्यालयमा राखिएको स्यानेटाईजरको उचित प्रयोग गर्नु पर्नेछ ।

ग) फोहोर उत्सर्जन नगर्ने र फोहोरको उचित वा तोकिएको स्थानमा ब्यबस्थापन गर्नुपर्नेछ ।

घ) चिसो जन्य वा शरिरिक प्रतिकुलता बढाउने खाना- खाजा खान पाईने छैन ।

ङ) खाजा घर-घरबाटै ल्याउने र आफुले मात्र खानु पर्नेछ ।

च) जथाभाबी हाच्छिँउ नगर्ने र नथुक्ने ।

छ) घरबाट-बिद्यालय र बिद्यालयबाट घरको सोझो यात्राबाहेकका बजार वा अन्य स्थानमा घुमफिर/ संपर्क गर्न पाइने छैन ।

ज) विद्यालयबाट घर फर्किएपछी लगाएका पोसाक सर्फपानीको बाल्टिमा राखि केहि समय पछि धुने र अनिवार्य नुहाउने गर्नु पर्नेछ ।

झ) ज्वरो, रुघाखोकि वा स्वास्थ्य प्रतिकुल भए बिद्यालय नआउने र सो को सूचना विद्यालयलाई दिनु पर्नेछ ।

ञ) कोभिड-१९ संक्रमणबाट बच्ने मापदण्डको पुर्ण पालना गर्नुको अतिरिक्त बिद्यार्थीले पालन गर्नुपर्ने अनुसासन, नियमको पालन गर्ने ।

ध्रुव कुमार शिवाकोटी
नगर प्रमुख

Scanned with CamScanner

**अभिभावक**

ध्रुव कुमार शिवाकोटी
नगर प्रमुख

क) बालवालिकाले निजि प्रयोग गर्ने मास्क, पञ्जा,स्यानेटाईजर उपलब्ध गराउनु पर्नेछ ।

ख) बालवालिकालाई घरबाटै खाजा बनाइ पठाउने ।

ग) ) बालवालिकाले प्रयोग गरेको पोसाक, ब्याग र दैनिक प्रयोगमा ल्याउने अन्य सामग्री सरसफाई वा संक्रमणबाट सुरक्षित गरिदिनु पर्नेछ ।

घ) सिकाइ सहजिकरणका लागि घरबाट बिद्यालयसम्म जाने र फर्कि आउने अवस्थासम्म पूर्ण निगरानी राख्नु पर्नेछ ।

ङ) ) बालवालिकालाई स्वास्थ्य सम्बन्धी शंकास्पद समस्या देखिएमा विद्यालय तथा नगर स्वास्थ्य शाखालाई जानकारी गराउनु पर्नेछ ।

च) स्वास्थ्य प्रतिकुल भए बालवालिकालाइ घरमा राख्ने र हिडडुलमा प्रतिबन्ध लगाउने र थप उपचारका लागी स्वास्थ्यकर्मीको सम्पर्क गर्ने

छ) सिकाइ सहजिकरणका लागि आफ्ना बालवालिकाहरुलाई घरमा सिकाइ वातावरण अनिवार्य व्यवस्थापन गर्नु पर्नेछ ।

**स्वास्थ्य शाखा**

क) कोभिड-१९ संक्रमणबाट बच्न,बचाउन सचेतना कार्यक्रम तथा आवश्यक राय परामर्श दिने ।

ख) विद्यालयमा बालबिलकाहरुलाई स्वास्थ्य मा प्रतिकुलता देखिए वा संक्रमणको लक्षण मिल्दोजुल्दो तत्काल कक्षा वा घरको सम्पर्कबाट टाडा राखी थप अनुसन्धान गर्न सहयोग गर्ने । यदि शंकास्पद समस्या देखिएमा उचित उपचारको व्यवस्था मिलाउने ।

ग) केश ईन्भेस्टिगेसन र कन्ट्राक्ट ट्रेसिङ्गको लागि थप मद्धत लिई आवश्यक ब्यबस्था गर्ने ।

ङ)अन्य स्वास्थ्य समबन्धी परामर्श, निर्देशन तथा स्वास्थ्य मापदण्ड बारे सचेत गराउने ।

**शिक्षा, युवा तथा खेलकुद शाखा**

क) विद्यालयको भौतिक सुबिधा कक्षाकोठाको व्यवस्थापन वा सिट प्लानिङ्ग, अध्यापन कार्ययोजनाको स्वीकृति तथा अनुगमन गरी आवश्यक परामर्श दिने

ख) बिद्यालयले बिद्यार्थी सम्बन्धी तयार पारेको अभिलेख संकलन गरी नगरपालिका स्तरीय साराशं तयार पार्ने ।

ध्रुव कुमार शिवाकोटी
नगर प्रमुख

Scanned with CamScanner

ध्रुव कुमार शिवाकोटी
नगर प्रमुख

ग) नेपाल सरकार स्वास्थ्य मन्त्रालय वा गृह मन्त्रालयले कोभिड-१९ संक्रमणबाट बाँच्न बचाउन र सुरक्षित रहन जारी गरेको मापदण्ड कार्यान्वयन भए नभएको अनुगमन गरि लागु गर्ने गराउने ।

घ) विद्यालयबाट प्राप्त सिकाइ सहजिकरण सम्बन्धी प्रतिवेदन संकलन गरी गराइ नगर स्तरीय साराशं तयार गर्ने

।

घ) विद्यार्थी सिकाइ सहजिकरण संचालन गर्न गराउन विद्यालयहरुलाई अवश्यक सल्लाह सुझाव दिने

ध्रुव कुमार शिवाकोटी
नगर प्रमुख

Scanned with CamScanner